आज मिति २०७५।०९।०४ गते बुधवारका दिन जिल्ला धनुषा कमला नगरपालिकाको नगर प्रमुख श्री राम उदगार गोइतज्यूको अध्यक्षतामा कमला नगरकार्यपालिकाको कार्यालयमा बसेको बैठकमा तपसीलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा तपसीलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

**तपसील**

१. श्री राम उदगार गोइत — अध्यक्ष उपस्थिति

२. श्री शिला देवी मण्डल — सदस्य उपस्थिति

३. श्री राज कुमार यादव — सदस्य उपस्थिति

४. श्री धनेश्वर यादव — सदस्य उपस्थिति

५. श्री विशेश्वर यादव — सदस्य उपस्थिति

६. श्री पल्टु कवारी — सदस्य उपस्थिति

७. श्री शिवा पासवान — सदस्य उपस्थिति

८. श्री समसुल मियाँ मोमिन — सदस्य उपस्थिति

९. श्री तपेश्वर यादव — सदस्य उपस्थिति

१०. श्री राजेश्वर यादव — सदस्य उपस्थिति

११. श्री धर्मनाथ मण्डल — सदस्य उपस्थिति

१२. श्री हेम कुमारी — सदस्य उपस्थिति

१३. श्री राजो देवी दास — सदस्य उपस्थिति

१४. श्री प्रमिला देवी मुखिया — सदस्य उपस्थिति

१५. श्री शोभा देवी महरा — सदस्य उपस्थिति

१६. श्री लिला देवी साह — सदस्य उपस्थिति

१७. श्री परिक्षर पासमान — सदस्य उपस्थिति

१८. श्री जिवछ नोनिया — सदस्य उपस्थिति

१९. श्री विनोद राम — सदस्य उपस्थिति

२०. श्री उमेश कुमार यादव — सचिव उपस्थिति

**<u>प्रस्तावहरु</u>**

१. आर्थिक विवरण सम्बन्धमा ।

२. जिन्सी सरसामानहरु यकिन सम्बन्धमा ।

३. सहकारी ऐन २०७५ पारित गर्ने सम्बन्धमा ।

४. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५ पारित सम्बन्धमा ।

५. स्थानीय राजपत्रमा सूचना प्रकाशन सम्बन्धि कार्यविधि सम्बन्धमा ।

६. अन्य

 ६.१ सहकारी दर्ता गर्ने अधिकारी तोक्ने सम्बन्धमा ।

 ६.२ रा.प.तृतिय श्रेणी सिभिल/आर्किटेक्ट इन्जिनीयर -१(एक) जना माग गर्ने सम्बन्धमा ।

 ६.३ परामर्श सेवा खरिद सम्बन्धमा ।

७. अर्को बैठक बस्ने सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

**<u>निर्णय नं. १</u>**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कार्यपालिकाको मिति २०७५/०९/०१ गतेको निर्णयानुसार यस नगरपालिकामा कार्यरत लेखापाल श्री देव कुमार यादवलाई आ.ब. २०७४/७५ र चालु आ.ब. ०७५/७६ को खर्च विवरण माग गरिएकोमा आज कार्यपालिकाको रोहबरमा निजले चालु आ.ब. २०७५/७६ को विभिन्न ब.उ.शि.नं.हरु मध्ये उपशिर्षक नं. ८०२१७४०१ को मात्र ख.शि.नं. अनुसारको खर्चको विवरण पेश गर्नुभएकोमा सोलाई हाल विचाराधिन राखी गत आ.ब. ०७४/७५ को पनि खर्च विवरण खर्च शिर्षक अनुसार पेश गर्न निजलाई २०७५/०९/०८ गते आइतबार बस्ने नगरकार्यपालिकको बैठकमा पेश गर्ने गरी समयावधि दिने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत स्टोर किपर खरिदार श्री सूर्य नारायण दासको जिम्मामा रहेको खर्च हुने तथा खर्च नहुने जिन्सी सरसामानहरु जिन्सी खाताहरु अनुसार रहे नरहेको यस कार्यपालिकाको रोहवरमा यकिन गरियो ।

**<u>निर्णय नं. ३</u>**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत श्री उमेश कुमार यादवज्यूले तयार गरि पेश गर्नु भएका **कमला नगरपालिकाको सहकारी ऐन, २०७५** सर्वसम्मतिले पारित गरी आगामी नगर सभामा पेश गर्ने गरी निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत श्री उमेश कुमार यादवज्यूले तयार गरि पेश गर्नु भएका यस नगरपालिकामा लागू हुने **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५** सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत श्री उमेश कुमार यादवज्यूले तयार गरि पेश गर्नु भएका **स्थानीय राजपत्रमा सूचना प्रकाशन सम्बन्धि कार्यविधि २०७५** सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

प्रस्ताव नं. ६.१ माथि छलफल गर्दा यस नगरपालिकाबाट जारी गरिएको सहकारी ऐन, २०७५ बमोजिम सहकारी दर्ता गर्ने अधिकारी यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई तोक्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७</u>**

प्रस्ताव नं. ६.२ माथि छलफल गर्दा यस नगरपालिकामा प्राविधिक कार्यहरु गर्न गराउन समस्या भैरहेको हुँदा रा.प.तृतिय श्रेणी स्तरको सिभिल/आर्किटेक्ट इन्जिनीयर -१ (एक) जना यस नगरपालिकामा व्यवस्था गरि खटाइ पठाइ नगरपालिकाको भौतिक तथा पूर्वाधार विकास कार्यमा सहयोग गरिदिन हुनका लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सो कर्मचारी माग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ८</u>**

प्रस्ताव नं. ६.३ माथि छलफल गर्दा यस नगरपालिकामा प्राविधिक कार्यहरु गर्न गराउन समस्या भैरहेको हुँदा सिभिल/आर्किटेक्ट इन्जिनीयर -१ (एक) जना नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा खटि नआउन्जेलसम्मका यस नगरपालिकाबाट गराउनु पर्ने भौतिक तथा पूर्वाधार विकासका कार्यहरुको ड्रइङ्ग, डिजाइन सहितका लागत अनुमान तयार गर्ने प्रयोजनका लागि सम्बन्धित सेवा प्राप्त गर्न प्रचलित ऐन, नियम बमोजिम परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ९</u>**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कमला नगरकार्यपालिकाको आगामी बैठक मिति २०७५/०९/०८ गते आइतबार बिहान ११:०० बजे यस नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।